मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ९ गते शुक्रबार ❑ 25 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## सहकारी समस्या समाधानका लागि कानुन कार्यान्वयनमा मुख्य समस्या

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन



उपभोक्ता हित संरक्षण मञ्च नेपालले विहीबार पोखरामा आयोजना गरेको प्रदेश स्तरीय परामर्श कार्यक्रममा सहकारी समस्या समाधानका लागी कानुन कार्यान्वयनमा मुख्य समस्या रहेको वक्ताहरुले जोड दिनु भएको छ।

सहकारी क्षेत्रका समस्या माथी छलफल गर्दै कार्यक्रममा सहभागिहरुले कानुनको कार्यान्वयनमै मुख्य समस्या रहेको दाबी गर्नु भएको हो।

कार्यक्रममा मञ्चका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता ज्योती बानियाँले सहकारी क्षेत्रमा देखिएका समस्या उपभोक्तामै असर पर्ने भएकाले तत्काल सुधार गर्न सुभाव दिनुभयो। मञ्चले कानुन निर्माण देखि कार्यान्वयनसम्म बहस, पैरवी र समन्वय मार्फत भूमिका खेलि रहेको उहाँले उल्लेख गर्नुभयो।

गण्डकी प्रदेशका मुख्य न्यायधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले सहकारीको मूल उद्देश्य राम्रो भए पनी अहिलेको अवस्था अत्यन्तै विकृति रहेको बताउनुभयो। उहाँले कागजी ऋणी बनाउने, समुदाय र जातको नाममा सहकारी दर्ता गर्ने प्रवृत्तीले सहकारी क्षेत्रको बदनाम गरेको टिप्पणी गर्नुभयो।

हाल प्रदेशभर १४ सहकारीमा मुद्दा चलि रहेको र २३ सहकारी संकटमा रहेको पौडेलले जानकारी गराउनु भयो। वरिष्ठ अधिवक्ता बिष्णुप्रसाद तिमिल्सिनाले कानुन धेरै बने पनी कार्यान्वयनमा कमजोरी रहेकोमा चित्ता व्यक्त गर्नुभयो। उहाँले सहकारीको ऐतिहासिक मूल्य मान्यता जोगाउन कानुनको प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको धारणा राख्नुभयो।

गण्डकी प्रदेशको कृषि, भूमी तथा सहकारी मन्त्रालयका नमित्ति सचिव गंगाराम पोखरेलले उत्पादन र बजारसँग सहकारी नजोडिएको गुनासो गर्नुभयो। लोकप्रिय ब्याजदर र बचतमै सिमित सहकारी प्रणालीले चुनौती थपेको उहाँको भनाइ थियो।


सहकारी रजिस्ट्रार कार्यालय गण्डकी प्रदेशका प्रमुख भेषराज रिजालले सहकारी सुधारतर्फ उपभोक्ता हित संरक्षण मञ्चले उठाएका मुद्दा सकारात्मक रहेको बताउँदै २७ वटा सहकारी संस्थालाई कारबाही प्रकृयामा ल्याइएको जानकारी दिनुभयो।

कार्यक्रममा सहकारी अभियान्ता–कमला गरी, डीपी अधिकारी, भीम गुरुङ, नारायणप्रसाद आचार्य, सीता गुरुङ, दीपक आचार्य, नवराज बराल, चन्दाकुमारी पराजुली, पुण्यप्रसाद पौडेल लगायतको सहभागिता रहेको थियो। सहकारी नियमनका लागि प्रदेशस्तरमै प्राधिकरण गठनको माग गर्नु भयो भने उहाँहरुले एकद्वार प्रणाली अवलम्बन गर्नुपर्ने, करको दायरा नियमन गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय अभावले समस्या उत्पन्न भएको लगायतका बिषयमा चर्चा गर्नु भएको थियो। अदालतबाट मुद्दा टुंगो लाग्न ढिलाई हुँदा बचतकर्ता र ऋणी दुवै मर्कामा परेको, लेखा प्रणाली एकीकृत गरिनुपर्ने र ऋणीलाई भोट बैंकको रूपमा दुरुपयोग गर्न नहुने सुझाव समेत दिनु भएको थियो।

यसैबिच, पभोक्ता हित संरक्षण मञ्च नेपाल गण्डकी समितिको नयाँ कार्यसमिति चयन गरिएको छ। पुण्यप्रसाद पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको हो। त्यसै गरी शान्ती गुरुङ उपाध्यक्ष, सुरज परियार सचिव र विकास श्रेष्ठ कोषाध्यक्षमा चयन हुनु भएको हो। सदस्यहरूमा पूर्ण बानियाँ, हरिनारायण शर्मा, मधु पन्थी र अनिता आचार्य चयन हुनु भएको छ।

## विमानस्थल संचालनका लागि होटलसंघद्वारा अर्थमन्त्री र युएईका राजदूतसँग भेट

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन



पोखरा अन्तर्राष्ट्रीय विमानस्थलको यथोचित संचालनका लागि होटल संघ पोखरा नेपालको टोलीले विहिबार प्रधानमन्त्री, अर्थमन्त्री र युएईका राजदूतको ध्यानाकर्षण गराएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमण अघि संघको टोलीले अर्थमन्त्री विष्णुप्रसाद पौडेलमार्फत् प्रधानमन्त्रीलाई भारतका विभिन्न शहरबाट पोखरासम्म उडानको पहलका लागि कुरा राख्न आग्रह गरेको हो। यसैगरी अर्थमन्त्री पौडेलसँगको संवादको क्रममा पोखरा र भैरहवाको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रीय उडान संचालनका लागि आफूले सक्दो पहल गर्ने मन्त्री पौडेलले बताएको होटल संघ नेपालका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले जानकारी दिए।

चालू बजेटमा व्यवस्था गरिएको पर्यटन क्षेत्रलाई अन्य उद्योग सरहको सुविधाको व्यवस्थालाई कार्यान्वयन तहमा पुर्‍याउन समेत आग्रह गरिएको केन्द्रिय सदस्य पराजुलीले जानकारी दिए। यसैगरी संघको टोलीले काठमाडौं स्थित संयुक्त अरव इमिरेट्स् (युएई) का राजदूत अब्दुल्ला सइद मुवारकसँग भेट गरी पोखरा दुबई सिधा हवाई सम्पर्कका लागि पहल गरिदिन आग्रह गरेको थियो।

सो अवसरमा राजदूत अब्दुल्लाले पोखरा दुबई उडानका लागि आफूले फ्लाई दुबईसँग कुरा राख्ने आश्वासन दिएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। पोखराको पर्यटन प्रवर्द्धन गर्ने र दुबईबाट पोखराको पर्यटन क्षेत्रमा लगानी भित्र्याउने विषयमा समेत राजदूत सकारात्मक रहेको अध्यक्ष सुवेदीले बताए। अर्थमन्त्रीसँग भेटको क्रममा पोखरा नयाँ पुल सुरुंग मार्ग शिलान्यास हुने क्रममा रहेको जानकारी मन्त्री पौडेलले संघको टोलीलाई गराएको संघका अध्यक्ष सुवेदीले जानकारी दिए।

उक्त मार्गको डीपीआर तयार भइसकेको र चालू बजेटमा केही रकम समेत छुट्टिएको जानकारी पौडेलले गराएको अध्यक्ष सुवेदीले बताए। नारायणगढ बुटवल सडक र स्तरोन्नतीको अन्तिम चरणमा रहेको पोखरा मुग्लिन सडकको निर्माण कार्यलाई तिव्रता दिन पनि मन्त्री पौडेलसँग संघको टोलीले आग्रह गरेको थियो।

## कुनै एक पार्टीलाई एकल बहुमत ल्याउन गाह्रो छः सभापति देउवा

रासस
काठमाडौं, ८ साउन



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान निर्वाचनसम्बन्धी व्यवस्थाका कारण कुनै एक पार्टीलाई एकल बहुमत ल्याउन गाह्रो हुने बताउनुभएको छ। संविधानमा भएको समावेशी र समानुपातिक प्रणालीकै कारण कुनै पनि पार्टीले एकल बहुमत ल्याउन कठिन हुने उहाँको भनाइ छ।

नेपाली कांग्रेस धादिङका पूर्वसभापति स्व भरतप्रसाद उप्रेतीको १३औं दिनको तिथिमा धुनिवेशी नगरपालिका-७ नौबिसेमा आयोजित श्रद्धाञ्जलीसभा सभापति देउवाले बहुमत ल्याउने वातावरण सृजना गर्नका लागि गुटको अन्त्य गर्न जरुरी रहेको धारणा राख्नुभयो। "अहिलेको संविधान राम्रो, समावेशी र समानुपातिक छ। संविधानमा सबै जातिहरूको प्रतिनिधित्व भएको छ। कुनै एक पार्टीले बहुमत ल्याउन निकै गाह्रो छ", उहाँले भन्नुभयो, "बहुमत ल्याउने वातावरण बनाउनका निम्ति पार्टी एकता जरुरी छ। एकताको सुरुवात धादिङबाटै गर्नुहोस्।" कांग्रेसका उपसभापति धनराज गुरुङले निर्वाचनमा टिकट नपाए आफ्नै नेतालाई हराइदिने पार्टीभित्रको रोगको अन्त्य गर्न जरूरी रहेको बताउनुभयो। स्वच्छ प्रतिस्पर्धा हुनुपर्नेमा प्रतिशोधको भावनाले पार्टी कमजोर बन्ने उहाँको भनाइ थियो। कांग्रेस केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, शशाङ्क कोइरालालगायत केन्द्रीय नेताहरु र धादिङ जिल्ला सभापति एवं कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, पूर्वसभापति रमेश धमलासहित नेताहरुले श्रद्धाञ्जलीसभालाई सम्बोधन गर्दै स्व नेता उप्रेतीका विगतका सङ्घर्ष सम्झदै प्रशंसा गर्नुभयो। विसं १९८५ मा धादिङको नौबिसेमा जन्मिनुभएका कांग्रेस नेता उप्रेतीको ९७ वर्षको उमेरमा २०८२ असार २८ गते काठमाडौंको सिभिल अस्पतालमा उपचारको क्रममा निधन भएको थियो।

## कोरोनाबाट बच्ने उपाय

◆नियमित रूपमा साबुन पानीले हात धोऔं,
◆संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
◆रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
◆अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
◆भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं.
◆वारम्वार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
◆खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
◆खोप अनिवार्य रुपमा लगाऔं,
◆कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ज्येष्ठ नागरिकका माग पूरा गर्न सहयोग गर्ने अध्यक्ष दाहालको प्रतिबद्धता

रासस
काठमाडौं, ८ साउन

ज्येष्ठ राष्ट्रिय नागरिक महासङ्घले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेको छ। महासङ्घका प्रतिनिधि बिहीबार अध्यक्ष निवास खुमलटार पुगी ज्येष्ठ नागरिकका विभिन्न माग सम्बोधन गरिदिन आग्रह गरेका हुन्।

महासङ्घले सार्वजनिक यातायातमा छुट, नागरिकता नपाएका ज्येष्ठ नागरिकको पहिचान र व्यवस्थापन, वृद्धभत्ता वितरण प्रणालीमा सुधार, आर्थिक वर्गीकरणका आधारमा भत्ता दिने व्यवस्था, राष्ट्रियसभामा ज्येष्ठ नागरिकको तर्फबाट प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेलगायतका माग राखेका छन्। दुई हजार ५०० भन्दाबढी ज्येष्ठ नागरिक नागरिकताविहीन रहेका जनाउँदै नागरिकता नहुँदा राज्यका सेवाबाट वञ्चित बनाइएको भन्दै समस्या समाधानका लागि नेतृत्व लिइदिन महासङ्घले अध्यक्ष दाहालसँग अनुरोध गरेको छ। महासङ्घका मागलाई गम्भीरतापूर्वक लिएको जबताउँदै अध्यक्ष दाहालले ज्येष्ठ नागरिकका माग पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। "तपाईंहरूले उठाएका माग न्यायसङ्गत छन्। म आफ्नो तर्फबाट सक्दो सहयोग गर्नेछु। यी मागलाई कार्यान्वयन गर्ने सम्बन्धमा माओवादी केन्द्रले सकारात्मक पहल गर्नेछ", उहाँले भन्नुभयो।

यसैबीच अध्यक्ष दाहालसँग कास्की जिल्लाको माछापुच्रे गाउँपालिका धितालस्थित भेडाबारीका स्थानीय जग्गादाता, विभिन्न राजनीतिक दलका प्रतिनिधि र जनप्रतिनिधिको टोलीले खुमलटार भेट गरी एन्फा टेक्निकल सेन्टर निर्माण प्रक्रिया अगाडि नबढेको भन्दै पहल गरिदिन आग्रह गरेका छन्।

प्रतिनिधिले सो क्षेत्रमा सवेक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, माटो परीक्षणलगायत प्रारम्भिक काम सम्पन्न हुनुका साथै पालिकाको पहलमा जग्गा हस्तान्तरण भइसकेको जानकारी गराउनुभयो।

प्रारम्भिक चरणमा बजेट विनियोजन, बोलपत्र आह्वान प्रक्रिया सम्पन्न भए पनि पछिल्लो समय आयोजना अलपत्र परेको भन्दै उहाँहरूले चिन्ता व्यक्त गर्नुभयो। अध्यक्ष दाहालले उक्त टोलीका प्रतिनिधिलाई माओवादी केन्द्रको तर्फबाट आयोजना अगाडि बढाउन सरोकार भएका निकायसँग छलफल गरी आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभएको उहाँको सचिवालयले जनाएको छ।

## सीप सिकौं, आत्मनिर्भर बनौं

शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार
एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो

» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering

हाम्रा विशेषताहरु:
- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था।

न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु।

अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ कलेज
पोखरा-८, फिर्के। फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

# काँग्रेस नेता केसी लगायतको कारबाही फिर्ता गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

नेपाली काँग्रेस कास्कीका नेताहरुमाथिको कारबाही फिर्ताको माग बरोबर उठिरहेको छ।

नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर १ ले नेपाली काँग्रेसका निवर्तमान सभापति कृष्णबहादुर केसी, पूर्व आमन्त्रित केन्द्रीय सदस्य एवं गण्डकीका पूर्व मन्त्री कुमार खड्का र भावना श्रेष्ठलगायतमाथि गरिएको अनुशासन कारबाही फिर्ताको माग गरेको हो।

बुधबार बसेको क्षेत्रीय बैठकले अनुशासनको कारबाही अनुमोदन नगर्नू भनी काँग्रेस सभापति शेरबहादुर देउवा र अनुशासन समिति संयोजक आनन्दप्रसाद ढुंगानालाई छुट्टाछुट्टै पत्र पठाएको छ। क्षेत्रीय सभापति राजेन्द्रमणि लामिछानेद्वारा हस्ताक्षरित सो पत्रमा अनुशासन समितिबाट गरिएका निर्णय कांग्रेसको विधानको मर्म र प्रक्रियासँग मेल नखाने, भेदभावपूर्ण, अपरिपक्व र असान्दर्भिक भएको उल्लेख छ।

गत असार २५ गते भएको निलम्बन एवं निष्कासनको निर्णयले पार्टी झन् झन् कमजोर हुने देखिएकोले प्रत्येक कार्यकर्ताको मानसपटलमा चिरचिरा पार्ने र संगठनमा अपूरणीय क्षति हुने भएकाले उक्त कारबाही पुनरावलोकन फिर्ता गरी अनुशासन समितिले गरेको निर्णय अनुमोदन नगर्न अनुरोध गरिएको छ।

यसअघि निर्वाचन क्षेत्रका उम्मेदवारबाट कारबाही सिफारिस भए पनि सोही क्षेत्रका जिल्ला, महासमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश सभा, पोखरा महानगरपालिका र विभिन्न गाउँपालिकाका पदाधिकारीहरूको संयुक्त बैठकले सो कारबाहीको संस्थागत असहमति जनाउँदै कारबाही खारेज गर्न आग्रह गरेको हो।

नेपाली कांग्रेस प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं १ कास्कीले सभापति शेर बहादुर देउवा र अनुशासन समितिका संयोजक आनन्द प्रसाद ढुंगानालाई पत्र लेख्दै नेताहरु कृष्ण बहादुर केसी, कुमार खड्का, भावना श्रेष्ठ लगायतमाथि गरिएको कारबाही अनुमोदन नगरी र पुनरावलोकन फिर्ता गर्दै सम्पूर्ण कारबाही फिर्ता लिन माग गरेको छ। कारबाहीले सोही निर्वाचन क्षेत्रका नेता, कार्यकर्ताहरु संस्थागत रुपमा सो करबाहीको विपक्षमा देखिएका छन्।

यसैगरी, अनुशासन समितिले २०७९ को स्थानीय, प्रदेश र संघीय निर्वाचनलाई आधार मानी ढुंगाना संयोजक रहेको अनुशासन समितिले बहुमतको नाममा ३ वर्ष अन्तरालमा गरिएको कारबाही विधानलाई ख्याल नगरी, अनुचित, अपरिपक्व, असान्दर्भिक र भेदभावपूर्ण रहेको ठहर गरिएको छ।

पत्रमा सभापति देउवालाई सुदृढ, एकता र विभाजनरहित बनाई सहयोग गर्न माग गरिएको छ। यो मागबारे सो क्षेत्रको बैठकमा जिल्ला, महासमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश सभा, पोखरा महानगरपालिका, गाउँपालिकाका पदाधिकारीको संयुक्त बैठकले निर्णय गरेको कांग्रेस क्षेत्रीय सभापति सभापति लामिछानेद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ।

देशैभरी क्रियाशील सदस्यता नविकरण चलिरहेको अवस्थामा धेरै कार्यकर्ताले केका लागि नविकरण गर्ने भनी अनिच्छा प्रकट गरिरहेका छन्। पार्टी अधिवेशनको संघारमा रहेको बेलामा महाधिवेशन नजिक गरिएको कारबाहीले झन् निराशा छाएको बताइएको छ भने नयाँ भन्ने पार्टीहरुको टोल टोलमा सदस्यता बनाउने कार्यको दबदबा बढिरहेको छ। यो स्थितिको ख्याल गर्दै निलम्वन निस्कासनको सम्पूर्ण कारबाही फिर्ता गर्न माग गरिएको छ।

जिल्ला, महासमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश सभा, पोखरा महानगरपालिका, गाउँपालिकाका पदाधिकारीको संयुक्त बैठकमा ९२ जना उपस्थित थिए।

# सिटीवान टेलिभिजनको तीज मेला भाद्र ४ र ५ गते हुने

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

सिटीवान टेलिभिजनले आयोजना गर्ने प्रदेश स्तरीय तीज गीत प्रतियोगिताको चौथो संस्करण आउँदो भाद्र ४ र ५ गते हुने भएको छ। तिजको वेला सिटीवानको साँस्कृतिक मेला, प्रदेश स्तरीय खुल्ला तीज गीत प्रतियोगिताको नाममा कार्यक्रम गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलमा हुने छ।

कार्यक्रमा गण्डकी प्रदेश भित्रका करिव १ सय टिमको सहभागिता रहने टेलिभिजनका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक चिनु गुरुङ्गले जानकारी दिईन्। यस वर्षको संस्करणमा स्कुलका विद्यार्थीहरुलाई तीज सस्कृतीका वारेमा जानकारी दिने उद्धेश्यले विद्यार्थीका समुहहरुलाई पनि प्रतियोगितामा सहभागिता गराउने लक्ष्य रहेको पनि संयोजक गुरुङको भनाई थियो। उनका अनुसार सहभागि सवै समुहलाई निशूल्क दर खुवाउने कार्यक्रम रहेको पनि उनको भनाई थियो। उनले भनिन्- “तीजको वास्तविक संस्कृती र प्रचलन अहिलेको पुस्ताले थाहै पाएका छैनन त्यसैले उनिहरुलाई सस्कृतीका वारेमा जानकारी दिन र सस्कृती संरक्षणका लागि पनि यो प्रतियोगिता गरिएको हो।” कार्यक्रममा जिल्ला वाहिर वाट आउने समुहलाई यातायात खर्चको समेत व्यवस्था गरिएको टेलिभिजनका प्रवन्ध निदेशक अनिशा श्रेष्ठको भनाई थियो। कार्यक्रम सम्पन्न गर्न करिव १६ लाख ५० हजार लाग्ने पनि प्रवन्ध निर्देशक श्रेष्ठको भनाई थियो। कार्यक्रममा प्रथम द्धितिय,तृतीय शान्त्वना हुने समुहलाई रु ५०, ३०, २० र १० हजार पुरस्कार रहेको पनि उनको भनाई थियो। यस्तै उत्कृष्ठ शव्द, नृत्य र भेषभुसालाई समेत आर्कषक पुरस्कारको व्यवस्था गरिएको छ।

प्रतियोगितामा सहभागि समुहले तीजको सास्कृतीक महत्व, कला, महिला हिसां, पर्यटन प्रर्वदन, सामाजिक क्षेत्र, सरसफाइ, बैदेशिक रोजगार, कृषि तथा उधमशिलता, वन तथा वातावरण, लागु पदार्थ दुर्ब्यसनी विद्यार्थी र तीज जस्ता सामाजिक बिषयमा केन्द्रित रहेर प्रस्तुती दिनु पर्ने पनि आयोजकको भनाई हरेको छ।

संस्कृतिको संरक्षण र जगेना गर्ने समाजका हरेक उत्कृष्ट विषयहरूलाई आफ्नो विषय वनाएर सार्वजनिक कार्यक्रमहरू पनि आयोजना गर्ने उद्धेश्य लिएको टेलिभिजनले सोही अनुसार तीज गीत प्रतियोगिता गरेको टेलिभिजनको भनाई छ।

# दीपशिखा पुस्तकालयमा टेक एज युथ परियोजना सञ्चालन गरिने

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

अध्ययन केन्द्रका साथै सिकाईका विविध पाटालाई समेटेको पोखरा महानगरपालिका वडा नं २९ मा रहेको दीपशिखा सामुदायिक पुस्तकालयमा यस वर्ष टेक एज युथ परियोजना सञ्चालन गरिने भएको छ।

रिड नेपाल अर्न्तगतको टेक एज युथ परियोजना र दीपशिखा सामुदायिक पुस्तकालय बिच परियोजना सञ्चालन गर्ने सम्बन्धमा सम्झौता पत्रमा विहिवार हस्ताक्षर सम्पन्न भएकाले परियोजना सञ्चालन हुने भएको हो। पुस्तकालयको सभाहलमा आयोजित एक कार्यक्रमका बिच



पुस्तकालयका तर्फबाट अध्यक्ष कृष्णहरि भण्डारी र परियोजनाका तर्फबाट रिड नेपालकी कार्यक्रम संयोजक भाग्यश्री विष्टको उपस्थितिमा हस्ताक्षर गरिएको हो। सम्झौता अनुसार परियोजना बाट लक्षित समुदायका बिद्यालय बाट पिछडिएका, प्रविधिको पहुच नपुगेका १३ देखि २२ वर्षसम्मका अध्ययन गदै वा अध्ययन गर्न छोडेका किसोरकिसोरी र फरक क्षमता भएका समेत समेटिने गरी प्रत्यक्ष रुपमा ५५ जना लाभान्वित हुने भएका छन्। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङ्गले वडाको तर्फबाट सहयोग गर्न तयार रहेको वताए। कार्यक्रममा पोखरा महानगरपालिकाका कार्यपालिका सदस्य निर्मला पौडेल, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल, जनप्रकाश माविका प्रअ शेखरनाथ शर्मा, गोगन माविका प्रअ मोहनराज बराल, पुस्तकालय व्यबस्थापन समितिका पदाधिकारीहरु ,कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन पुस्तकालयका सचिव पदम प्रसाद अधिकारीले गरेका थिए। आठ लाख रुपैया खर्च हुने उक्त कार्यक्रमका लागि परियोजनाले चार लाख बराबरको खर्च र बाँकी चार लाख पुस्तकालयले व्यवस्था गर्नुपर्ने भएकाले स्थानीय तह र संघसंस्थाले सहयोग गर्ने अपेक्षा आफूहरुले राखेको अध्यक्ष भण्डारीले वताए।

# विपि स्मृति एमेचर फुटसलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

पोखरामा विपि स्मृति एमेजर फुटसल प्रतियोगिताको उपाधि मिकी एफसीले उचालेको छ।

नयाँ गाउँ युथ क्लबको व्यवस्थापनमा पोखरा रंगशालामा भएको प्रतियोगिताको फाइनलमा मिकी एफसीले सुजन डल्ले एफसीलाई २-१ गोलले हराउँदै उपाधि चुमेको हो।

उपाधिसँगै मिकी एफसीले नगद एक लाख रुपैयाँको साथमा शिल्ड, मेडल र ट्रफी प्राप्त गरेको छ। उपविजेता बनेको सुजन एफसीले ५० हजार रुपैयाँको साथमा शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो। भेट्रान्सतर्फको फाइनलमा डल्फिन भेट्रान्सले नयाँ गाउँ भेट्रान्सलाई ४-० को फराकिलो गोलअन्तरले हराउँदै उपाधि चुमेको छ। डल्फिनले उपाधिसँगै बोका प्राप्त गऱ्यो भने



नयाँ गाउँले भाले प्राप्त गऱ्यो।

युगपुरुष विपि कोइरालाको ४३ औं स्मृति दिवसको अवसर पारेर प्रतियोगिताको आयोजना गरिएको हो। मेलमिलाप तथा राष्ट्रिय एकता कायम गराउने व्यक्तिले दिएको सन्देशलाई आत्मसात गर्दै अमित गुरुङ र अन्तिम गुरुङले आफ्ना स्वर्गारोहण भएका साथिहरुको स्मृतिमा प्रतियोगिताको मुख्य प्रायोजन गरेका थिए। दुई दिनसम्म चलेको प्रतियोगितामा ३० टिमको सहभागिता रहको थियो। प्रतियोगीताबाट बचत हुने रकम तनहुँको भानु नगरपालिका ७ मा रहेको चण्डिका बालगृहलाई सहयोग गर्ने आयोजकले जनाएको छ। सो बालगृहमा हाल विभिन्न जिल्लाका १८ जना असहाय बालबालिका आस्रित रहेका छन्।

अनिल गुरुङ, सजत कार्की र उत्तम गुरुङको स्मृतिमा उनका साथिद्धय अमित र अन्तिमले मुख्य प्रायोजन गरेका हुन भने, प्रदेश खेलकुद परिषद् गण्डकी, लोकतान्त्रिक खेलकुद संघ कास्की र नयाँ गाउँ युवा क्लबले सहयोग गरेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


# फुटबल टिमकी कप्तान साम्बा सम्मानित



पोखरापत्र संवाददाता
लमजुङ, ८ साउन

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान तथा फरवार्ड सावित्रा भण्डारी (साम्बा) सम्मानित हुनुभएको छ।

बिहीबार गृह पालिका मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा आयोजित सम्मान तथा मर्स्याङ्दी गाउँपालिका अण्डर-१९ फुटबल खेलाडीसँग अन्तरक्रियामा मर्स्याङ्दी गाउँपालिकाले साम्बालाई सम्मान गरेको हो। गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले दोसल्ला ओढाएर सम्मान गर्नुभयो।

उहाँले साम्बा जस्तै खेलाडी उत्पादन गर्न र खेलकुद क्षेत्रलाई माथि उकास्न गाउँपालिका लागेको भनाइ छ। पालिकामा सम्मानित हुन पाउँदा खुसी लागेको फुटबल खेलाडी भण्डारीले बताउनुभयो। यस्ता सम्मानले अझै राम्रो र निरन्तर खेल्न प्रेरणा मिल्ने उहाँको भनाइ छ। गाउँपालिकाले भण्डारीको सम्मानमा मर्स्याङ्दी गाउँपालिका-९ खुदीपुल वारीको क्षेत्रलाई ‘साम्बा’ चोक नामकरणसमेत गरिसकेको छ।

भण्डारी हाल सशस्त्र प्रहरी बल क्लब तथा नेपाल महिला राष्ट्रिय फुटबल टोलीबाट खेल्ने गर्नुभएको छ। भण्डारी फुटबल मैदानमा अग्रपङ्क्तिबाट खेल्ने गर्नुहुन्छ। नेपाली फुटबल क्षेत्रमा साम्बा उपनामले परिचित साबित्रा महिला फुटबल खेलाडीमा आफूलाई स्थापित गर्दै अघि बढ्नुभएको छ। भण्डारीले आगामी दुई सिजनका लागि न्यूजील्याण्डस्थित वेलिङटन फोनिक्ससँग सम्झौता गर्दै अस्टेलियामाको निन्जा ए लिग खेल्ने भएको छ। यसअघि युरोपको फ्रेण्च क्लब एन अभेन्ट गुइनगाम्पमा आबद्ध हुनुभएको थियो।


“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# मधेस प्रदेशलाई सुख्खाग्रस्त घोषणा

सरकारले मधेस प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । मधेस प्रदेशका आठ वटै जिल्लाहरूलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ। मंगलवार मधेस प्रदेश सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्न संघीय सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। गृहमन्त्री रमेश लेखकको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो। मधेसमा अनावृष्टिका कारण जमिनमा पानीको पर्याप्त पुनर्भरण हुन सकेको छैन। भूमिगत पानीको मुहान सुक्न गई सर्वसाधारणले उपभोग गर्ने खानेपानीको चरम अभाव भइरहेको छ। जल सतहमा आएको कमीले सिँचाइ प्रणालीमा समेत प्रभाव परेको छ।

खडेरीले साउन मध्य हुन लाग्दा समेत मधेसमा आधा पनि रोपाइँ हुन सकेको छैन । हालसम्म यस प्रदेशको कूल खेती हुने क्षेत्रफलमध्ये ४६.८३ प्रतिशत जमिनमा मात्रै रोपाइँ भएको कृषि विभागले जनाएको छ। जबकी गत वर्षको साउन ६ गतेसम्म यस प्रदेशमा ८०.६ प्रतिशत धान रोपाइँ भएको छ। सिचाईको अभावले किसानले धान रोप्न नपाएका कारण उत्पादन घट्दा त्यसको असर कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मै पर्ने देखिन्छ। जीडीपीमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत छ । त्यसमा पनि धानको मात्रै ७ प्रतिशत हिस्सा छ। यस वर्ष धान उत्पादन घट्दैछ।

मधेसमा सुक्खाका कारण खानेपानी, सिँचाइ तथा कृषि क्षेत्रमा विपद्को अवस्था सिर्जना भएको छ। जसले गर्दा मधेसका सबै जिल्लाहरूमा संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ। यसअघि मधेस प्रदेशले असार २६ गते नै संकटग्रस्त घोषणा गरेको थियो। कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएकोले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा सरकारले त्यस्तो क्षेत्रको सिमाना र अवधि तोकी विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा २ (द) मा विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने अवस्था रहेमा संघीय सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था छ। सोही ऐन अनुसार सरकारले राजपत्रमा सूचना प्रकाशित गर्छ। उक्त सूचना प्रकाशित भएको मितिले ३ महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा हुनेछ। ऐनमा भएको व्यवस्था अनुसार घोषणा गरेको विपद् संकटग्रस्त क्षेत्रमा कुनै पनि व्यक्ति, संस्था वा अधिकारीलाई आवश्यकता अनुसार काम गर्ने आदेश दिन सक्छ। सरकारी स्रोत तथा साधनलाई उपयोग तथा परिचालन गर्नेछ। सहयोग टोली गठन गरी विपद् संकटग्रस्त क्षेत्रमा पठाउनेछ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसअघि पनि चार वटा कार्यदल बनाएको थियो । उनीहरूले मधेसका जिल्लामा गएर स्थलगत अनुगमन गरेर प्रतिवेदन तयार पारेका थिए । उक्त प्रतिवेदनको आधारका तत्कालै के गर्न सकिन्छ भनेर प्रारम्भिक खाका बनिसकेको कृषि विभागका सूचना अधिकारी तिलकराज चौंलागाईले जानकारी दिए । यसबाहेक उच्चस्तरीय ४ सदस्य सरकारी टोली अध्ययन गर्न गइसकेका छन् । तत्कालै गर्नुपर्ने विषयहरूबारे उनीहरूले पनि प्रतिवेदन तयार पार्नेछन्। यो टोलीमा कृषि विभागका महानिर्देशक प्रकार कुरमा सन्जेल समेत रहेका छन्। उनीहरूको पनि अध्ययन प्रतिवेदन आएपछि तत्कालै के गर्न सकिन्छ भनेर कार्य प्रारम्भ हुने कृषि विभागका विश्वास छ।

ऐनमा विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भई अन्तराष्ट्रिय सहयोग आवश्यक छ भन्ने लागेमा अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिन सकिने व्यवस्था समेत छ। तर, विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा सरकारले स्वीकृती लिनु पर्ने हुन्छ। सरकारले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतको न्यूनतम मापदण्ड बनाई लागू गर्न सक्ने व्यवस्था छ । जसका लागि सरकारको कार्यकारी समितिको सिफारिस आवश्यक पर्छ । राहत वितरणदेखि विपद्बाट प्रभावितहरुलाई अस्थायी आश्रयस्थलमा राखी आवास, खाद्यान्न, स्वास्थ्य तथा सरसफाइ उपलब्ध गराउनु पर्नेछ। विपद् क्षेत्रको अवस्था सामान्य भएमा सरकारले जुनसुकै बेला उक्त घोषणा फिर्ता लिन सक्नेछ। यदि तोकिएको अवधिभित्र विपद्बाट उत्पन्न स्थिति नियन्त्रण हुन नसकेमा सरकारले त्यस्तो घोषणाको अवधि बढाउन समेत सक्छ। नेपालमा घोषणा सजिलोसँग गरिन्छ। कार्यान्वयन नहुने अवस्था आउन दिनुहुन्न । सरकारले घोषणा कार्यान्वयन गर्न तत्पर भए कार्यान्वयन हुने र सरकारप्रति जनविश्वास बढ्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मौलिक झ्याउरे भाकामा 'घन घन मादल' सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

नेपाली लोकसंगीतमा विकृति मौलाइरहेको बेला गाउँठाउँको मौलिक झ्याउरे भाकालाई संरक्षण गर्ने उद्देश्यले गायक रामचन्द्र ढकालले नयाँ गीत 'घन घन मादल' सार्वजनिक गरेका छन।

गीत ढकालकै अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । लोकप्रिय गायिका शान्ती श्री परियार, रामचन्द्र ढकाल, लिला पौडेल र शंकर ढकालको स्वर रहेको यस गीतमा गायक शंकर ढकालको प्रस्तुती रहेको छ । गीतका लय तथा शब्द संकलन लिला पौडेलले गरेका छन् भने भिडियोको परिकल्पना र निर्देशन रामचन्द्र ढकालकै रहेको छ । गायक रामचन्द्र ढकालले मौलिक झ्याउरे शैलीमा तयार पारिएको यस गीतले हराउँदै गइरहेका नेपाली मौलिक भाकाहरूको संरक्षणमा सहयोग पुऱ्याउने वताए।

गीतको भिडियोमा गुरुङ चलचित्रका महानायक तारा बहादुर गुरुङ लाहुरे भूमिकामा देखिएका छन्। त्यस्तै अनमोल भण्डारी, बिनु कार्की र कृष्णमाया पौडेलको अभिनयले भिडियोमा थप आकर्षण थपेको छ। 'घन घन मादल' गीतले मौलिकताको स्वादमा रमाउने दर्शक र श्रोता माझ विशेष स्थान बनाउने विश्वास गरिएको छ।

# जलवायु कदम ऐच्छिक नभएर कानुनी दायित्व हुने

**रासस**
काठमाडौं, ८ साउन

अन्तरराष्ट्रिय अदालत (आइसिजे) ले जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रहरूको कानुनी दायित्वबारे ऐतिहासिक फैसला सुनाएको छ। उक्त परामर्शयुक्त फैसलाले जलवायु परिवर्तनको सामना गर्न राष्ट्रहरूको कर्तव्यलाई स्पष्ट रूपमा अन्तरराष्ट्रिय कानुनमार्फत पुष्टि गरेको हो।

आइसिजेले जीवाश्म इन्धन उत्पादन, अनुमति तथा अनुदानलाई 'अन्तरराष्ट्रिय अपराध सरहको कार्य' ठहर गर्न सकिने चेतावनीसमेत दिएको छ। अदालतले जलवायु कदम अब ऐच्छिक नभएर कानुनी दायित्वको रुपमा व्याख्यासमेत गरेको छ।

अदालतले वातावरणीय क्षति रोक्ने, हालका र भावी पुस्तालाई जलवायु सङ्कटको असरबाट जोगाउने तथा अन्तरराष्ट्रिय सहकार्यको कानुनी दायित्व रहेकोसमेत औंल्याएको छ । जलवायु सन्धिहरू र अन्तरराष्ट्रिय अभ्यासका आधारमा अब जीवाश्म इन्धनको प्रयोग घटाउनु, उत्सर्जन रोक्नु र प्रभावित मुलुकलाई सहयोग गर्नु राष्ट्रहरूको कानुनी जिम्मेवारी भएको अदालतले ठहर गरेको छ । अदालतले सहकार्यलाई जलवायु सङ्कट समाधानको आधार मानेको छ र सन्धि तथा यसको कार्यान्वयनलाई यसको स्पष्ट अभिव्यक्ति भनेको छ । अदालतले अब जीवाश्म इन्धनलाई तत्काल बन्द गर्न राष्ट्रहरूलाई कानुनी आदेश दिएको छ। जलवायु विज्ञहरुले यो निर्णय साना द्वीप राष्ट्र, प्रशान्त समुदाय, युवापुस्ता र भावी पुस्ताको जीवनरक्षाको अवसरका रुपमा लिएका छन्।

अदालतको उक्त निर्णय जलवायु न्यायको निम्ति ऐतिहासिक भएको लवायुविद् मञ्जित ढकाल बताउनुहुन्छ । यो निर्णयले धेरै समयदेखि जलवायु सङ्कटबाट प्रताडित राष्ट्रहरू र समुदायहरूको मागलाई कानुनी मान्यता दिएको, धनी र उच्च उत्सर्जन गर्ने राष्ट्रहरूले अब कानुनी रूपमा आफ्नो उत्तरदायित्व पूरा गर्न बाध्य हुने उहाँको भनाइ छ । उत्सर्जन कटौती, जीवाश्म इन्धनको विस्तार रोक्नु र प्रभावित राष्ट्रलाई वित्तीय सहयोग, अनुकूलन सहायता तथा राहत प्रदान गर्नु अनिवार्य हुने अदालतको ठहर छ।

# अटोरिक्सा मर्स्याङ्दीमा खस्दा छ जना घाइते



**पोखरापत्र संवाददाता**
लमजुङ, ८ साउन

लमजुङ-मनाङ जोड्ने बैंसीसहर-चामे सडकखण्डमा आज अटोरिक्सा मर्स्याङ्दी नदीमा खस्दा चालकसहित ६ जना घाइते भएका छन्।

बैंसीसहरबाट मर्स्याङ्दी गाउँपालिकाको खुदीबजारतर्फ जाँदै गरेको गप्र ००४००१ ह २८५ नम्बरको अटोरिक्सा बैंसीसहर-६ खरखरे भिरबाट मर्स्याङ्दीमा खसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेश बोहोराले जानकारी दिनुभयो । गोरखाको आरुघाट गाउँपालिका-१ की ४५ वर्षीया स्यानुमाया गुरुङ, ३५ वर्षीया अञ्जली गुरुङ, ४८ वर्षीया धनकुमारी गुरुङ र ४० वर्षीया शिलादेवी गुरुङ तथा नुवाकोटको तादी गाउँपालिका-२ की ४५ वार्षीया सुस्मिता तामाङ र अटोरिक्सा चालक मर्स्याङ्दी-४ का ३० वर्षीय टोपबहादुर लामा घाइते भएका छन् । स्यानुमाया गुरुङ र सुस्मिता तामाङलाई थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवन पठाइएको प्रहरी नायब उपरीक्षक बोहराले बताउनुभयो । अन्य घाइतेको बैंसीसहर-८ स्थित प्रदेश अस्पतालमा उपचार भइरहेको छ।



च्याउखेती :
पोखरा महानगरपालिका-११ काहुँमा टनेलमा गरिएको च्याउखेती र पृष्ठभूमिमा देखिएको पोखराको बजार क्षेत्र। पछिल्लो समयमा पोखरा आसपासका क्षेत्रमा च्याउ खेतीप्रतिको आकर्षण बढ्दो छ।
तस्बिर : वासुदेव पौडेल / रासस

# दुई हजार ३५० हेक्टरमा सुन्तला बगैंचा विस्तार

**पोखरापत्र संवाददाता**
वालिङ, ८ साउन

स्याङ्जामा दुई हजार ३५० हेक्टरमा सुन्तला बगैंचा विस्तार गरिएको छ।

जिल्लामा आर्थिक वर्ष २०७३/०७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोन हुँदै सुपरजोनमा परिणत भएसँगै सुन्तला बगैंचा विस्तारले तीव्रता पाएको हो । परियोजना सुरु गर्ने बेलामा कूल ८८७ हेक्टर क्षेत्रफलमा सुन्तला बगैंचा थियो । हाल सो क्षेत्रफल करिब तीन गुणाले विस्तार भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ सुन्तला सुपरजोन स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीले जानकारी दिनुभयो।

"आर्थिक वर्ष २०८०/०८१ सम्म दुई हजार २५० हेक्टर क्षेत्रफलमा सुन्तला बगैंचा थियो", उहाँले भन्नुभयो, "गत आवमा १०० हेक्टर क्षेत्रफलमा सुन्तला बगैंचा विस्तार भएको छ ।" परियोजनाले समूह सहकारी, कृषि फार्महरूमा आबद्ध कृषकलाई अनुदानमा सुन्तलाका बिरुवा, सिँचाइका सामग्री, निलोतुथो, खोप, विषादीलगायत सहयोग गर्ने गरेको छ।

स्याङ्जामा २४ सहकारी संस्था, ८७ कृषक समूह, २५१ वटा निजी तथा व्यावसायिक फार्ममा सुन्तला बगैंचा विस्तार गरिएको छ । "स्याङ्जाका ११ स्थानीय तहमध्ये कालीगण्डकी गाउँपालिकाबाहेक सबैमा सुन्तला सुपरजोन सञ्चालनमा छ", उहाँले भन्नुभयो, "पुतलीबजार, भीरकोट, अर्जुनचौपारीमा तुलनात्मक रुपमा सुन्तला बगैंचाको क्षेत्रफल बढ्दो छ।"

गत आव २०८१/०८२ मा सुन्तला बगैंचा रहेको क्षेत्रफलको ६० प्रतिशत बोटबाट उत्पादित सुन्तलाबाट रु एक अर्ब १२ करोडको आम्दानी भएको थियो। कूल क्षेत्रफलमध्ये ४० प्रतिशत क्षेत्रफलमा बिरुवा लगाइएको र उत्पादन नदिइसकेकाले आगामी दिनमा उत्पादन वृद्धि हुँदै जाने जनाइएको छ । यहाँ दश वर्षका लागि सुन्तला सुपरजोन परियोजना कार्यान्वयनमा रहने भनिएकामा यो अन्तिम वर्ष हो।

# कार्यक्षेत्र ११ जिल्ला, कर्मचारी पाँच

**पोखरापत्र संवाददाता**
दमौली, ८ साउन

यहाँको बन्दीपुरस्थित व्यावसायिक कीट विकास केन्द्रको कार्यक्षेत्र गण्डकी प्रदेशका ११ वटा जिल्ला हुन् । तर, कार्यालयमा कार्यरत कर्मचारी जम्मा पाँच जना छन्।

केन्द्रमा दश जनाको स्वीकृत दरबन्दी भए पनि पाँच कर्मचारीको पद रित्त छ। पाँच जनामध्ये एक जना अध्ययनका सिलसिलामा विदेशमा रहेको कार्यालयका निमित्त प्रमुख विजयराज पौडेलले बताउनुभयो । कार्यक्षेत्र प्रदेशभर हुनु तर कर्मचारी कम हुँदा काम गर्न समस्या परिरहेको उहाँको गुनासो छ।

पौडेलका अनुसार कार्यालयमा एक वरिष्ठ बाली संरक्षण अधिकृत, एक बाली संरक्षण अधिकृत, एक प्राविधिक सहायक, एक नायब प्राविधिक सहायक र एक कार्यालय सहयोगी मात्र कार्यरत छन् । कार्यालयमा कृषि प्रसार अधिकृत, लेखापाल, प्रशासन सहायक र हलुका सवारी चालकको पदपूर्ति हुन सकेको छैन। उहाँले भन्नुभयो, "११ जिल्ला कार्यक्षेत्र हुँदा कर्मचारीको अभावले सोचे बमोजिम काम गर्न सकिएको छैन ।" कार्यालयको मुख्य काम रेशमखेती, मौरीपालन र च्याउखेतीमा प्राविधिक सहयोग गर्नु हो। त्यसका लागि कार्यालयले कृषकलाई मौरीपालनसम्बन्धी सीपसँगै च्याउखेती तालिम प्रदान गर्दै आइरहेको छ।

कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा १३१ रेशम बिज कोया उत्पादन गरेको छ। उत्पादित रेशम बिज कोया रेशम विकास केन्द्र खोपासीलाई हस्तान्तरण गरिएको पौडेलले जानकारी दिनुभयो । कार्यालयको च्याउ ल्याबमा तीन हजार पोका च्याउ बीउ उत्पादन गरिएको छ। ती च्याउहरू विभिन्न ठाउँका कृषकलाई ५० प्रतिशत अनुदानमा वितरण गरिएको उहाँले बताउनुभयो । पौडेलका अनुसार कार्यालय परिसरमा करिब १०० केजी खायन च्याउ उत्पादन गरिएको र कार्यालयबाटै बिक्री गरिएको छ। कार्यालयले यस आवमा गण्डकी प्रदेशका विभिन्न जिल्लाका ११० कृषकलाई मौरीपालन आधारभूत स्थलगत घुम्ती तालिम प्रदान गरेको छ। त्यसैगरी १८३ कृषकलाई च्याउखेतीसम्बन्धी तालिम दिएको छ।




**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०३/३१

कास्की जिल्ला मौजे नयाँ कास्की (नुवाकोट स्याङ्जा) का जि.मु. मु. कुवेरदत्त पाध्या जिम्माको साविक ९५ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम द्र.नं. ६ मा बासु पाध्याको नाउँमा साविक दर्ता भएको। २०३३ सालसम्मको तिरो तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा निर्मलपोखरी वडा नं. १ को कित्ता नं. ३६ क्षे.फ. ०-२-०-३ विरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुकमा उमा प्रसाद आचार्यको नाउँमा कायम भएको, कि.का. भई दर्ता छुट हुन गएको मैले नै भोगचलन गर्दै आईरहेको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरीपाउँ भनी कास्की जिल्ला साविक निर्मलपोखरी-१ हाल पोखरा म.न.पा. वडा नं. २१ बस्ने उमा प्रसाद शर्मा आचार्यले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यसअघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | निर्मलपोखरी | १ | ३६ | ०-२-०-३ | खर | चाहार | उमा प्रसाद आचार्य |

ईति संवत २०८२ साल आसाढ ३१ गते रोज ३ शुभम्।

# वनफूलले ढाकिएका पाटन हेर्न कास्कीको कोरी जाने कि !

**राम थापा**
गण्डकी, ८ साउन

काठमाडौँ बस्ने दीपा पौडेलले यसपालि मनसुन पदयात्राका लागि कास्कीको कोरी रोज्नुभयो । पेसाले स्टाफ नर्स उहाँ गएको मध्य असारमा साथीहरूसित तीन हजार ८०० मिटर उचाइको कोरी पुग्नुभयो । पदयात्रामा उहाँसहित सात जना थिए ।

पोखराबाट मादी गाउँपालिका-१ सिक्लेससम्म तीन घण्टाको मोटरयात्रापछि उनीहरू छ घण्टा हिँडेर तस पुगे । त्यस दिन तसमै रात काटे । भोलिपल्ट त्यहाँबाट पैदल सात घण्टामा कोरी पुगे । कोरीको सौन्दर्यबारे देखे सुनेर लालयीत बनेका उनीहरूले कोरी घुमघामका लागि मनसुन याम नै किन रोजे त ? पौडेल भन्नुहुन्छ, “त्यहाँबाट देखिने हरिया डाँडाकाँडा, वनफूलले ढाकिएका पाटन र छिनछिनमा फेरिइरहने मौसमले लोभ्याउँदोरहेछ ।”

पहिलो दिन कोरी पुग्दा मौसम धुम्मिएपछि त्यो रात कोरीमै बिताएको उहाँले सुनाउनुभयो । हिउँदमा जस्तो छ्याङ्ग हिमाल नखुले पनि रिमझिम वर्षा र बाँदलभित्र लुकामारी खेलिरहेको अन्नपूर्ण र लमजुङ हिमालको दृश्यले रोमाञ्चित बनाएको पौडेलले बताउनुभयो । “अर्कोदिन मौसम राम्ररी खुल्यो, हिमाल र डाँडापाखाको दृश्यालोकन गर्न पायौँ”, उहाँले भन्नुभयो, “मनसुनको याममा मुख्य गरी कोरीको आकर्षण बनेको भुइँभरि देखिने रङ्गीचङ्गी फूल र हराभरा देखिने प्रकृति नै हो ।” पौडेलले सामाजिक सञ्जाल टिकटकमा कोरीको भिडियो देखेपछि साथीहरू मिलेर घुम्ने योजना बनाएको बताउनुभयो । कोरी पदयात्रा तीन दिनमै पूरा गर्न सकिने र धेरै खर्चिलो पनि नभएको उहाँले बताउनुभयो । स्तरीय पदमार्गसहित पर्यटकीय सुविधा पनि उपलब्ध भएकाले कोरीको यात्रा सहज भएको पौडेलले सुनाउनुभयो । सिक्लेसका पर्यटन व्यवसायी धन गुरुङले सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आउजाउ बढेको बताउनुभयो । “बर्खा लागेपछि अन्यत्र अफसिजन सुरु हुन्छ, कोरीमा भने यही बेला बढी पर्यटक आउँछन्”, उहाँले भन्नुभयो, “कोरी र आसपासको क्षेत्र अहिले भुइँफूलले ढाँकिएको छ, मनसुन ट्रेकमा रमाउनेका लागि कोरी उपयुक्त गन्तव्य हो ।” पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार ८०० मिटरको कोरी लेक पुग्ने गरेको गुरुङले बताउनुभयो । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईवटा पदमार्ग छन् । तीन दिनमा कोरी ट्रेक घुम्न सकिन्छ । पर्यटकीय



गतिविधि बढेपछि कोरीमा होटल खुलेका छन् । पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने सञ्चार सामग्री, युट्युब माध्यमलगायतले त्यस क्षेत्रलाई उजागर गरिदिएपछि पर्यटकको थप आकर्षण बढेको पर्यटन व्यवसायी गुरुङको भनाइ छ । बागलुङकी सकुन्तला थापा पनि वर्षात्को कुनै पर्वाह नगरी गत असारको अन्तिम साता ढोरपाटनको बुकी क्षेत्र पुग्नुभयो । मनसुन पदयात्राका लागि पछिल्लो समय चर्चामा रहेको उक्त क्षेत्र पुग्नेमा उहाँ एक्लै भने हुनुहुन्थेन । साथमा अरु चार जना साथी पनि थिए । असार ३० मा बागलुङ बजारदेखि मोटर यात्रामा निस्किएको उक्त टोली त्यसै दिन दिउँसो ढोरपाटन उपत्यका पुगेको थियो । चार हजार मिटरमाथिसम्म फैलिएको बुकीपाटन पुग्ने लक्ष्यसहित उनीहरू त्यहाँबाट पदयात्रा सुरु गरे । पाँच घण्टाको पदयात्रापछि बुकी पुगे ।

चार हजार मिटर उचाइमा अवस्थित गर्पाछेडासम्म पुगेर फर्किएको थापाले बताउनुभयो । पहिलो दिन बुकीमा रहेको गोठमा रात बिताएर भोलिपल्ट घुमफिर गरी साँझ ढोरपाटन उपत्यका झरेको उहाँको भनाइ छ । “बुकीमा खाना र बासको सुविधा नभएकाले तलबाटै सबै बन्दोबस्त गरेर जानुपर्छ, झोलामा लगेका खानेकुरा खाएर हामीले गोठमै रात बितायौँ”, थापाले भन्नुभयो, “त्यहाँ पुग्दा भैँसी र भेँडा गोठालाको दिनचर्या हेर्न पाइन्छ, भेँडीगोठमा रमाउन पाइन्छ ।” विशाल क्षेत्रमा फैलिएका हरिया पाटन र खर्कले यो याममा बुकीको आकर्षण बढाएको उहाँले बताउनुभयो । ढोरपाटन उपत्यका पनि अहिले रङ्गीचङ्गी भुइँफूलले सजिएको छ । वनफूलले ढाकिएको उपत्यकामा घोडा सयर गर्न पाउनु त्यहाँको अर्को आकर्षण रहेको थापाले बताउनुभयो । पोखराका पर्यटक पथप्रदर्शक दिवस गुरुङले तीन/चार वर्षयता मनसुन याममा ढोरपाटन घुम्ने पर्यटकको सङ्ख्या बढेको बताउनुभयो । “फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालले पनि ढोरपाटन र बुकी क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याएको छ”, उहाँले भन्नुभयो, “बुकी पदयात्रामा जाने पर्यटक बढ्न थालेपछि पर्यटन व्यवसायीहरूले गोठस्टेको अवधारणा पनि सुरु गर्नुभएको छ ।” गुरुङले आफू पनि हालै ढोरपाटन घुमेर फर्केको सुनाउनुभयो । त्यहाँ छँदा जाजरकोट, अर्घाखाँची, गुल्मीदेखि आएका पर्यटकलाई भेटेको उहाँले बताउनुभयो । “नेपालमा विशेष गरी शरद् र वसन्त ऋतुमा बढी पर्यटकीय गतिविधि हुने गर्छन्, मानिसहरू पनि यही बेला बढी घुम्न निसक्छन्”, गुरुङले भन्नुभयो, “तर पछिल्लो समय मनसुनको समयमा पनि नजिकका गन्तव्यमा घुमघाम गर्ने, पदयात्रामा जाने क्रम बढीरहेको छ, यसले नेपाल पर्यटनका लागि हरेक मौसममा उपयुक्त छ भन्ने देखाउँछ ।”असारदेखि भदौसम्मको समय मनसुन बढी सक्रिय हुने र यो बेला बाढीपहिरोजस्ता प्राकृतिक विपद्का घटना निम्तने भएकाले विशेष सावधानी अपनाएर मात्र यात्रा गर्नुपर्ने उहाँको सुझाव छ । “गन्तव्यस्थलको सम्मको यातायात र अन्य सुविधा, मौसमको पूर्वानुमानलगायतका विषयमा जानकारी बटुल्नुपर्छ, यात्राको बन्दोबस्त पनि सोहीअनुसार मिलाउनुपर्छ”, गुरुङले भन्नुभयो, “भौगोलिक रूपमा अति कठिन र विपद् जोखिम भएका ठाउँको यात्रामा सकभर नजानु नै उत्तम हुन्छ ।” उहाँले मनसुन याममा घुमफिरका लागि उपयुक्त थुप्रै गन्तव्य नेपालमा भए पनि तिनको उजागर हुन नसकेको बताउनुभयो । पछिल्लो समय गण्डकी प्रदेशमा कास्कीको कोरी, बागलुङको ढोरपाटन, बागलुङ र पूर्वीरुकुमको सीमामा पर्ने चौँरीखर्कलगायत गन्तव्यस्थल मनसुन पदयात्राका लागि चिनिन थालेको गुरुङले बताउनुभयो । ट्रेकिङ ऐजिन्सिज एसोसिएसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले सम्भावना भएर पनि नेपालमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि हुन नसकेको बताउनुभयो । मनाङ, मुस्ताङलगायत उपल्लो भेगमा यस याममा पनि पदयात्राका गतिविधि सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । “पर्यटनलाई बाह्रैमास चलायनमान बनाउने गरी नीति र प्रवर्द्धनका कार्यक्रम ल्याउनु आवश्यक छ, निजी क्षेत्रले मात्र चाहेर हुँदैन, यसमा सरकारले नै पहल लिनुपर्छ”, उहाँले भन्नुभयो, “मनसुनमा पनि घुमफिर गर्न रुचाउने, आनन्द लिने पर्यटक हुन्छन्, तर उनीहरूलाई आकर्षित गर्न सकिएको छैन ।”


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०९)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका, वडा नं. १० मा स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा.लि.द्वारा प्यारेन्ट फार्म तथा ह्याचरी निर्माण तथा संचालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि तपसिल बमोजिमको मिति, समय र स्थानमा सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०४/१४ | बिहान ८:३० बजे | फार्म प्रस्तावित गरिएको क्षेत्र<br>पुतलीबजार नगरपालिका वडा नं. १० |

**आयोजक**

**स्याङ्जा चिक्स एण्ड पोल्ट्री प्रा.लि.**

पुतलीबजार नगरपालिका, स्याङ्जा फोन नं. ९८५६०३५३२०


# पुम्दी-भुम्दी पर्वतीय दौडलाई भव्य बनाउने सरोकारवालाको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

यही असोज ४ गते पोखरामा आयोजना हुने दोस्रो संस्करणको पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्न सरोकारवालाहरूले प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतियोगितालाई ध्यानमा राखेर बिहीवार आयोजना गरिएको सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले आफ्नै जन्मभूमिमा आयोजना हुने यस्ता गतिविधि जन्मभूमिको पहिचानसँगै राष्ट्रिय गौरवसँग पनि जोडिने विषय भएकाले प्रतियोगिता सफल बनाउन आफू पूर्ण रूपमा प्रतिबद्ध रहेको जनाउनुभयो ।

“हामीले गर्ने कर्मले माता-पिता, गुरु वर्ग र मातृभूमिको उन्नयनमा टेवा पुऱ्याउनुपर्छ,” भन्दै उहाँले प्रतियोगिता खेलकुदसँगै पर्यटन र अर्थतन्त्रसँग जोडिने भएकाले यसलाई बृहत्



आयामबाट हेर्नुपर्नेमा जोड दिनुभयो ।

पुम्दीकोट कोट विकास समितिका अध्यक्ष तथा उद्योगी चन्द्रकान्त बरालले अघिल्लो संस्करणका कमजोरी सच्याउँदै यसपटकको प्रतियोगिता थप भव्य र व्यवस्थित हुने विश्वास व्यक्त गर्नुभयो । पुम्दी र भुम्दी क्षेत्र आफैँमा पर्यटकीय सम्भावना बोकेका स्थान भए तापनि पर्वतीय दौडजस्ता कार्यक्रम अन्य गन्तव्यहरूको प्रवर्द्धनमा सहयोगी हुने बताउनु भयो । विश्व शान्ति स्तुप समितिका अध्यक्ष अशोक गुरुङले दोस्रो संस्करणलाई उत्कृष्ट बनाउन समिति सक्रियताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समितिका सचिव दुर्गाबहादुर गुरुङले यस वर्ष प्रतियोगितालाई उत्सवकै रूपमा लिएर सबैले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

पोखरा महानगरपालिका वडा नम्बर २२ का वडा युवा परिषद्का अध्यक्ष दिनेश बरालले प्रतियोगिताका लागि आवश्यक स्वयंसेवक परिचालनको सम्पूर्ण व्यवस्थापन गर्ने जानकारी दिनुभयो । कार्यक्रम संयोजक दीननाथ बरालले अघिल्लो संस्करणको अनुभवलाई आधार बनाएर यसपटक प्रतियोगितालाई थप व्यवस्थित र पुरस्कार पक्षलाईसमेत प्रभावकारी बनाउने तयारी भइरहेको जानकारी दिनुभयो ।

पोखरा क्लिकको आयोजनामा हुने पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिता नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय तथा पोखरा महानगरपालिका वडा नम्बर २२ को सहकार्य र अफिसियल मिडिया पार्टनरमा सिटीवान टेलिभिजन रहेका छन् । प्रतियोगिताले स्थानीय प्रतिभाको प्रोत्साहनसँगै समग्र खेलसँग पर्यटन प्रवर्द्धनलाई जोडेर सामुदायिक एकता र आर्थिक समृद्धिका लागि कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने पोखरा क्लिकका वरिष्ठ संवाददाता असफल गौतमले बताउनु भयो । विश्व पर्यटन दिवसको अवसरमा उक्त प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिताका लागि आगामी भदौं पहिलो सातादेखि अनलाइन फर्ममार्फत् धावकले नाम रजिष्ट्रर गर्न सक्ने व्यवस्थापक सागर सुनारले जानकारी दिनुभयो ।

# बानेथोक भञ्ज्याङ्का घरघरमा धारा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ साउन

स्याङ्जाको भीरकोट नगरपालिका-३ बानेथोक भञ्ज्याङ्की पूर्णकला एसके उमेरले ५५ पुगिन् । ५५ वर्षको उमेर कटाएकी एसकेलाई पानीको चिन्ताले कहिल्यै छाडेन् । छोराछोरी हुर्केबढे, दुःख सुख कमाई खाने भएपनि उनलाई पानीको पिरलो थियो नै । बिहान सबेरै पानी बोक्न खोल्साखोल्सी र कुवा खोज्दै हिड्नुपर्ने बाध्यता पछिल्लो समय हटेर गएको उनले सुनाईन् ।

एसकेको त्यो चिन्ता र पिरलो सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजनाले अन्त्य गरिदिएको छ । अहिले घरघरमा मिटरसहित धारा जडान भएपछि उनी खुशी छन् । स्थानीय ४७ वर्षीय सिता दमै पानी बोक्ने दुःखका दिन सम्झदै भन्छिन्, ‘पहिले अतिनै गाह्रो थियो, डोकोमा पानी बोकेर एक घण्टासम्म पैदल हिड्नुपर्थ्यो अहिले त आँगनमै पानी थाप्न पाइएको छ ।’ योजनाबाट बानेथोक भञ्ज्याङ्का १ सय ५० घरपरिवारका झण्डै ५ सय



सदस्यमा खुशी छाएको छ । गण्डकी प्रदेश सरकार, भीरकोट नगरपालिका र जनश्रमदानबाट सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजना सम्पन्न भएपछि गाउँका करिब १ सय ५० घरधुरीमा शुद्ध खानेपानीको सुविधा पुगेको छ । गाउँमा पानी वितरण गर्न ५ वटा टंकी निर्माण गरिएको छ । १५ हजारका ३ वटा, २५ हजार र अर्को ३० हजार लिटर क्षमताका पानी टंकी निर्माण भएका छन् । भीरकोट नगरपालिका नगर प्रमुख गोविन्द कुमार कर्माचार्यले खानेपानी योजना सम्पन्न गर्न ७ वर्ष लागेको सुनाए । उनले भने, ‘भञ्जाङ्मा अधिकांश दलित र जातजातिको बाक्लो बस्ति छ, योजनाबाट उनीहरु नै लाभान्वित भएका छन् ।’ नगर प्रमुख कर्माचार्यले सानो खोल्सा लिफ्टिङ्ग आयोजना पालिकाको गौरवको आयोजना भएकाले प्राथमिकताका साथ बजेट विनियोजन गरेको बताए । आर्थिक र प्राविधिक कारणले ढिला भएपनि स्थानीयको खानेपानी समस्या समाधान गर्न आफुहरु सफल भएमा कर्माचार्य पनि उत्तिकै खुसि छन् । २ सय मिटर भर्टीकल र ७ सय ५० मिटर होरिजेन्टल उचाइमा सानो खोल्सा मुहानबाट पानी लिफ्टिङ्ग गरेर गाउँमा वितरण गरिएको छ । भीरकोट नगरपालिकाले २०७५ सालमा शुरु गरेको योजनामा नगरपालिकाको करिब १ करोड लगानी भएको नगरपालिकाका योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताए । गौरवको आयोजना भएकाले ७ वर्षसम्म निरन्तर बजेट विनियोजन गरेको योजनामा प्रदेश सरकार र स्थानीयको जनश्रमदान गरी झण्डै २ करोड लगानी भएको रेग्मीले जानकारी दिए ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयद्धारा ६ करोड ७० लाख बजेट लाग्ने अनुमान गरिएको योजना स्थानीय सरकारले करिब २ करोडमै सम्पन्न गरेको छ । निवर्तमान नगर प्रमुख छायाँराम खनालले बजेट लागत अनुमान धेरै भएपछि समयमा सम्पन्न नहुने ठानेर स्थानीय सरकारकै पहल र लगानीमा खानेपानी योजना सुरू गरेको सुनाए ।

खानेपानी कार्यालय र नगरपालिकाको पहलमा बानेथोककै सानीचौर दलित बस्तीका करिब ६० घरपरिवारमा खानेपानीको सुविधा पुऱ्याएको वडा अध्यक्ष केशर बहादुर खड्काले बताए । एक आधारभूत विद्यालय र ६० घरपरिवार दलित बस्तीले भोग्दै आएको सास्तीलाई सानीचौर खानेपानी योजनाले अन्त्य गरेको खड्काले बताए ।

# औषधीय गुण भएका जडीबुटी निकासी बढ्दै

**पोखरापत्र संवाददाता**
मनाङ, ८ साउन

हिमाली जिल्ला मनाङ औषधीय जडीबुटी उत्पादनको केन्द्र मानिन्छ । पछिल्लो समय यहाबाट आयुर्वेदिक औषधीय गुण भएका जडीबुटी निकासी बढ्दै गएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा यार्सागुम्बा, वन लसुन र जिम्बु निकासीबाट रु ३५ लाख ९१ हजार ९४० राजश्व सङ्कलन गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इकाइ कार्यालयले जनाएको छ । इकाइ कार्यालयका प्रमुख ढकबहादुर भुजेलले गत वर्ष यार्सागुम्बा ११२ दशमलव ६९३ किलोग्राम निकासी गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त परिमाणको यार्सागुम्बा निकासी गरेवापत रु ३४ लाख ८५ हजार ९० राजश्व सङ्कलन भएको छ । वन लसुन तीन हजार १८६ दशमलव ३०० किलोग्राम निकासीवापत रु ९७ हजार ७५० र जिम्बु ९१० किलोग्राम निकासी गरेवापत रु नौ हजार १०० राजश्व सङ्कलन भएको भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, “गत वर्ष तीन प्रकारका औषधीय जडीबुटी निकासी गरिएको छ । विगतमा जस्तो गुची च्याउ सङ्कलन भएको पाइएन, तर पनि राजश्व बढेको छ ।” यार्सागुम्बा टिप्न जिल्लाका ४८८ र बाह्य एक हजार ३६ र वन लसुनका लागि २१४ स्थानीय र ७१५ बाह्य व्यक्तिले पुर्जी लिएका थिए ।

आव २०८०/८१ मा यार्सागुम्बा, वन लसुन, जिम्बु र गुची च्याउ निकासी गरिएको थियो । जिम्बु ९३३ किलोग्राम निकासी गर्दा रु १० हजार २८०, वन लसुन दुई हजार २०५ किलोग्राम निकासी गरी रु ६६ हजार १५०, यार्सागुम्बा ७२ दशमलव ५४२ किलोग्राम निकासी गर्दा रु २२ लाख ४८ हजार ९०२ र गुची च्याउ चार किलोग्राम निकासी गर्दा रु दुई हजार गरी रु २३ लाख २७ हजार ३३२ राजश्व सङ्कलन गरिएको थियो ।

यस्तै, आव २०७९/८० मा औषधीय जडीबुटी निकासीवापत रु २६ लाख २२ हजार ६६९ राजश्व सङ्कलन गरिएको थियो । जिम्बु ११०८ दशमलव १०० केजी निकासीवापत रु ११ हजार ८१, वन लसुन १५६६ दशमलव २०० केजी निकासीवापत रु ४६ हजार ९९६, निगालो तीन हजार ३५० प्रतिगोटा निकासीवापत रु तीन हजार ३५०, यार्सागुम्बा ८२ दशमलव २०० केजी निकासीवापत रु २५ लाख ४८ हजार २००, साधारण च्याउ ३३९ केजी रु तीन हजार ३९० र टिम्बर २२ दशमलव ९८ क्युफिट निकासीवापत रु नौ हजार ६५२ राजश्व सङ्कलन भएको थियो । गतवर्षको तुलनामा केही जडीबुटी निकासी नगर्दिदा पनि परिमाण वृद्धि हुँदा राजश्व बढेको प्रमुख भुजेलले बताउनुभयो । “कम मूल्य पर्ने औषधीय जडीबुटी बढी परिमाणमा निकासी गरिएको छ भने केही जडीबुटीको निकासी नै गरिएको छैन । यस्तो अवस्थामा बढी मूल्य पर्ने जडीबुटीको परिमाण बढेको छ”, उहाँले भन्नुभयो ।